रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम,
१ नं. प्रदेश, नेपाल

रोङ गाउँपालिका
२०७२

पत्र संख्याः- ०७५/७६ मितिः- २०७६/०१/२७

**प्रथम पटक प्रकाशित मितिः २०७६/०१/२७**

रोङ गाउँपालिकाको विभिन्न स्थानहरुमा हुने तपशिल अनुसारको निर्माण कार्य सिलबन्दी दरभाउपत्रबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुका अधीनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आहवान गरिन्छ ।

१. दरभाउपत्र यस कार्यालयबाट मात्र खरिद गर्न सकिने भएकोले दरभाउपत्र सम्बन्धी कागजातहरु मिति २०७६/०२/१० गते कार्यालय समयभित्र रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र पेश गर्नका लागि दरभाउपत्र खरिद दस्तुर वापत रु. १,०००।- (एकहजार) राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम खुलेको राजश्व दाखिला भौचर सक्कलै पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र सम्वन्धी कागजातहरु खरिद गर्नका लागि रकम जम्मा गर्न वैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स, ट्रान्सफर, ई-मेल आदि मार्फत गरिने खरिद उपर कारवाही गरिनेछैन ।
वैंकको नामः- मेगा वैक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलाम ।
संचितकोष खाता नं. :- १०७००१००११५७८

३. दरभाउपत्रदाताको व्यवसाय दर्ता प्रमाण-पत्र, व्यवसाय इजाजत प्रमाण-पत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र आ.व.२०७४/०७५ को करचुक्ताका प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र फाराम मिति २०७६/०२/१२ गते दिनको १२:०० वजेभित्र कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १:०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

५. दरभाउपत्र कागजात खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

६. दरभाउपत्रसाथ मेगा वैक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलामस्थित रोङ गाउँपालिकाको धरौटी खाता न. १०७००१००११५९२ मा फर्मका नामवाट तपसीलमा उल्लेखित दरभाउपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम उल्लेख भएको हुनुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र दरभाउपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

७. एउटा फर्मको नामवाट खरिद गरिएको दरभाउपत्र कागजात अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन ।

८. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै बुझाउनु पर्नेछ ।

९. अन्य विस्तृत विवरण दरभाउपत्र सम्वन्धी कागजातहरुमा उल्लेख गरिएको छ । सो सम्वन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी सम्वन्धित दरभाउपत्रदाताको हुनेछ ।

१०. सूचना तथा दरभाउपत्र कागजातका शर्त विपरित भएको, कुनै थपघट गरिएको, रित नपुगेको वा म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. दरभाउपत्रको परीक्षण दरभाउपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न अतिरिक्त खर्च लाग्ने भए सो बापतको सम्पूर्ण खर्च दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१२. दरभाउदाताहरुले आफनो दरभाउपत्र दाखिला गर्नु अगावै दरभाउपत्र सम्वन्धी कागजातहरुमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरी पेश गर्न सक्नेछ ।

डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

१३. दरभाउपत्र दाखिला सम्बन्धी अन्य जानकारीहरु दरभाउपत्र सम्बन्धी कागजातहरुमा राखिएको छ ।

१४. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

१५. दरभाउपत्र शर्तरहित, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फारामहरुमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ ।

१६. सिलबन्दी दरभाउपत्रका अन्य कागजातहरुमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैपनि वेला सच्याउन सक्नेछ । कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारणबिना सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार/स्वीकृत गर्न वा अस्वीकार/अस्वीकृत गर्न वा सूचना नै रद्ध गर्न सक्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१७.थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको नं. ९८५११४८५४७/९८५२६८१९४४/९८४२७५६४३६ मा सम्पर्क गर्न वा कार्यालयको वेवसाईट www.rongmun.gov.np हेर्न सकिनेछ ।

## सिलवन्दी दरभाउपत्र सम्वन्धी कार्यको विवरण

| क्र. सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | लागत अनुमान रकम (म्याट बाहेक) रु. | जमानत बापतको रकम रु. |
|---|---|---|---|---|
| १ | RRM/NCB/WORK/2075/2076-14 | शान्तिपुर लेप्चा गुम्बा मर्मत | ९,८५,६००।५४ | ३०,०००।०० |
| २ | RRM/NCB/WORK/2075/2076-15 | पेमा लाप्साङ गमु (लेप्चा) गुम्बा मर्मत | ६,९८,३३१।५८ | २०,०००।०० |
| ३ | RRM/NCB/WORK/2075/2076-16 | चिण्डेपानी लेप्चा बस्ती सामुदायिक भवन निर्माण | १७,२१,६६०।७३ | ५५,०००।०० |
| ४ | RRM/NCB/WORK/2075/2076-17 | जिर्मले लेप्चा बस्ती सामुदायिक भवन निर्माण | १२,५४,१५६।२७ | ४०,०००।०० |
| ५ | RRM/NCB/WORK/2075/2076-18 | लेप्चा बस्तीमा रहेको जिर्मले आधारभुत विद्यालय भवन मर्मत | ७,०८,०७१।६९ | २३,०००।०० |
| ६ | RRM/NCB/WORK/2075/2076-19 | रोड ५ लेप्चा बस्ती विद्युत बिस्तार | १७,२७,४४०।६८ | ५५०००।०० |
| ७ | RRM/NCB/WORK/2075/2076-20 | चिण्डेपानी लेप्चा बस्तीमा सुलभ शौचालय निर्माण (१२ थान) | १५,९१,१०९।८८ | ५०,०००।०० |
| ८ | RRM/NCB/WORK/2075/2076-21 | हर्कटे-चिण्डेपानी (लेप्चा बस्ती) सडक निर्माण | १७,२३,९१४।६५ | ५५,०००।०० |
| ९ | RRM/NCB/WORK/2075/2076-22 | कुटीडाँडा-लामपोखरी-चिण्डेपानी (लेप्चा बस्ती) सडक निर्माण | १७,२३,९४३।०४ | ५५,०००।०० |
| १० | RRM/NCB/WORK/2075/2076-23 | किटेनी भालुझोडा लेप्चा गाउँ र मानाबुङ लेप्चा बस्ती विद्युत बिस्तार तथा व्यवस्थापन | १०,५८,७२०।५३ | ३३,०००।०० |
| ११ | RRM/NCB/WORK/2075/2076-24 | चिण्डेपानी लेप्चागाउँ विद्युत बिस्तार तथा व्यवस्थापन | ८,२१,४३६।०४ | २५,०००।०० |
| १२ | RRM/NCB/WORK/2075/2076-25 | प्यूरे लेप्चागाउँ विद्युत बिस्तार तथा व्यवस्थापन | ९,८६,०४६।०८ | ३०,०००।०० |

२०७६।३।१८
डिक् प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत